# भर्मोन्टको कार सिटसम्बन्धी कानुनमा भएका महत्त्वपूर्ण परिवर्तनहरू

जुलाई 1, 2024 देखि लागू

भर्मोन्टको कार सिटसम्बन्धी कानुन (23 VSA § 1258) लाई अमेरिकन एकेडेमी अफ पेडियाट्रिक्स (American Academy of Pediatrics, AAP) का सिफारिसहरू अनुरूप बनाउनका लागि तिनीहरूमा सुधार गरिएको छ । प्रत्येक चरणले अघिल्लो चरणभन्दा कम सुरक्षा प्रदान गर्छ । आफ्नो बच्चालाई प्रत्येक चरणमा सकेसम्म लामो समयसम्म राख्नुहोस् ।

## यहाँ तपाईंले जान्नैपर्ने कुराहरू दिइएका छन्:

### जन्मेदेखि 2 वर्षसम्म



दुई वर्ष मुनिका बालबालिकालाई संघीय रूपमा अनुमोदित हार्नेस भएको रियर फेसिङ (पछाडितिर फर्किएको) चाइल्ड कार सिटमा राम्ररी सुरक्षित तरिकाले राखिनैपर्छ ।

रियर फेसिङ कार सिटमा भएका बच्चालाई एक्टिभ एयरब्यागको अगाडि राख्नुहुँदैन ।

### 2 देखि 5 वर्षसम्म



दुई वर्षदेखि पाँच वर्षसम्मका बालबालिकालाई संघीय रूपमा अनुमोदित हार्नेस भएको रियर फेसिङ वा फर्वार्ड फेसिङ (पछाडि/अगाडितिर फर्किएको) कार सिटमा राम्ररी सुरक्षित तरिकाले राखिनैपर्छ ।

### 5 देखि 8 वर्षसम्म



आठ वर्षभन्दा मुनिका बालबालिकालाई हार्नेस भएको कार सिटमा सही तरिकाले नराखिएको भएमा उनीहरूलाई बुस्टर सिटमा राम्ररी सुरक्षित तरिकाले राखिनैपर्छ ।

### 8+ वर्ष



18 वर्षभन्दा मुनिका बालबालिकालाई हार्नेस भएको कार सिट वा बुस्टर सिटमा सही तरिकाले नराखिएको भएमा उनीहरूले सिट बेल्ट लगाएको हुनैपर्छ ।

सम्भव भएसम्म 13 वर्षभन्दा कम उमेरका बालबालिकालाई पछाडिको सिटमा राखिनैपर्छ ।

## सबैजनाले याद राख्नुपर्ने महत्त्वपूर्ण कुराहरू:

- बालबालिका 13 वर्ष नहुँदासम्म उनीहरूलाई पछाडिको सिटमा राख्नुहोस् ।
- सधैँ सुरक्षित रहनका लागि सिट बेल्ट लगाउनुहोस् र राम्रो उदाहरण प्रस्तुत गर्नुहोस् ।
- तपाईंको बच्चाको सिट सहि तरिकाले जडान तथा प्रयोग गरिएको छ भनेर सुनिश्चित गर्नका लागि सधैँ आफ्नो सवारीसाधन र सिट निर्माणकर्ताका निर्देशनहरू हेर्नुहोस् ।

थप जानकारीका लागि वा आफ्नो स्थानीय कार सिट सहयोग स्टेशन फेला पार्नका लागि www.BeSeatSmart.org मा जानुहोस् ।

अक्टोबर 2024

Be Seat Smart

VERMONT DEPARTMENT OF HEALTH
AGENCY OF TRANSPORTATION